जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३२ पृष्ठः ४ | २०८२ पुस २२ मंगलबार (Tuesday 06 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सात सय विपन्न परिवारलाई सिरक वितरण



सिरहा, २१ पुस। यहाँको लहान नगरपालिकाले चिसो र शीतलहरबाट प्रभावित करिब सात सय विपन्न दलित परिवारलाई न्यानो फाइबर सिरक वितरण गरेको छ। नगरप्रमुख महेश चौधरीका अनुसार नगरपालिकाले हालसम्म विभिन्न वडाका करिब सात सय परिवारलाई सिरक वितरण गरिएको छ। नगरप्रमुख चौधरीको नेतृत्वमा आज वडा नं १२, १७, १८ र २३ का अतिविपन्न तथा दलित बस्तीमा पुगेर सिरक हस्तान्तरण गरिएको छ। लहान नगरपालिका–१८ का ८० परिवार र वडा नं २३ का डोम समुदायका २३ परिवारलाई सिरक प्रदान गरियो।

यस्तै, वडा नं १७ स्थित बलानसेर सदाय बस्तीका ५२ परिवारले पनि न्यानो सिरक प्राप्त गरेका छन्। त्यसैगरी, लहान नगरपालिका–१२ मा नगरप्रमुख चौधरी र वडाअध्यक्ष बद्रीनारायण चौधरीले ३० जनालाई सिरक प्रदान गरे। त्यस अवसरमा वडाअध्यक्ष चौधरीले आफ्नो वडाका थप ७० जना लक्षित व्यक्तिहरूलाई छिट्टै सिरक वितरण गरिने जानकारी दिए। नगरप्रमुख चौधरीले विपन्न समुदायका नागरिकको सुरक्षा र सेवाका लागि नगरपालिका सधैँ प्रतिबद्ध रहेको बताए। उनले यो अभियान अन्य वडा र बस्तीहरूमा पनि निरन्तर जारी रहने जानकारी दिए।

## सातमहिने शिशुको उपचारमा आर्थिक सहयोगको याचना

**मणिलाल विश्वकर्मा**

लहान, २१ पुस। जन्मेको एक महिनादेखि नै कलेजोमा गम्भीर समस्या देखिएपछि सातमहिने नाबालक छोरालाई उनका बाबु कलेजो दिन तयार छन्। तर, प्रत्यारोपणका लागि चाहिने लाखौँ रकम जुटाउन समस्या भएकाले आर्थिक सहयोगको याचना गरेका छन्। सप्तरीको सुरुंगा नगरपालिका– २, भेडिया गाउँका आशिष कार्की र रमा बस्नेतले सातमहिने छोरा आरबको कलेजो प्रत्यारोपणका लागि आर्थिक सहयोग गर्न अनुरोध गरेका हुन्। दोस्रो सन्तानको रूपमा गत १४ जेठमा जन्मिएका आरबमा करिब एक महिनापछि नै दूधसमेत नपच्ने समस्या देखिएपछि विराटनगर नर्सिङ होम, काठमाडौं महाराजगन्जस्थित टिचिङ अस्पतालमा उपचार भएको थियो।



रोग पहिचान र थप उपचारमा मात्र १० लाखभन्दा बढी खर्च भइसकेको कार्कीदम्पतीले सुनाए।

'त्यति रकम जुटाउन पनि आफन्तको सहयोग, ऋणसापटीसहित घरको वस्तुभाउ बेचिसकेँ,' बाबु आशिषले भने, 'छोरालाई कलेजो दिन तयार छु। तर, प्रत्यारोपणका लागि ७०–७५ लाख रुपैयाँ चाहिने भनिएको छ। घरबारी, जायजेथा बेच्दा पनि त्यति रकम पुग्दैन।' उनका अनुसार नेपालमा उपचार सम्भव नभएपछि पुनः ऋण सापटी गरेर छोरालाई पछिल्लो सातादेखि भारतको हरियाणा राज्यअन्तर्गत गुरुग्रामस्थित नारायण स्पेसियलिटी हस्पिटलमा भर्ना गरिएको छ।

'त्यति धैरै रकम जुटाउने सामर्थ्य नै पुग्दैन,' टेलिफोनमा भक्कानिँदै उनले भने, 'मानवताको नाताले मेरो नाबालक छोराको उपचारमा सकेको सहयोग गरी पुनर्जीवन दिन आग्रह गर्छु।' उनका अनुसार नाबालक छोरालाई आफ्नो कलेजो प्रत्यारोपणका गर्न कागजी प्रक्रिया चलिरहेको छ। 'त्यसका लागि भारतस्थित नेपाली राजदूतावासबाट कागजात बनाएर पुनः स्थानीय अदालतबाट अनुमति लिएपछि बल्ल हस्पिटल बोर्डले पारित गरेपछि प्रमाणीकरण हुन्छ। यसपछि प्रत्यारोपणको प्रक्रिया अगाडि बढ्ने रहेछ।'

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आ नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## भूमि आयोग अध्यक्ष यादव र कर्जन्हाका वडा अध्यक्ष पोखरेलको सेटीङ्गमा सुकुम्वासीसँग २७ लाख असुली



सिरहा, २१ पुस। सिरहाका सुकुम्बासीले भोगचलन गर्दै आएको जग्गाको लालपुर्जा दिलाइदिने प्रलोभनमा पारेर भूमि समस्या समाधान आयोगका पदाधिकारी, कर्मचारीदेखि स्थानीय जनप्रतिनिधिसम्मको मिलेमत्तोमा लाखौँ रुपैयाँ ठगी गरेको रहस्य बाहिरीएको छ।

कर्जन्हा नगरपालिका १ रतनपुरका २२ जना सुकुम्बासीसँग भूमि समस्या समाधान आयोगका अध्यक्ष राम अधीन यादव, कर्मचारी राजकुमार राय, कर्जन्हा नगरपालिका १ का वडा अध्यक्ष फनिन्द्र प्रसाद पोखरेको मिलेमत्तोमा स्थानीय यादव प्रसाद सुवेदीलाई परिचालन गरी करिव २७ लाख रकम असुल गरेका हुन्।

भुमिहिन किसानहरुले जम्मा करिब २७ लाख रुपैयाँ बुझाएको साढे दुई वर्ष बितिसक्दा पनि लापुर्जा पाएका छैनन्। न त बुझाएकै रकम फिर्ता पाएका छन्।

कर्जन्हा नगरपालिका १ रतनपुरका स्थानीय टेकबहादुर श्रेष्ठले ८ कठा १४ धुर जग्गाको १ लाख ७४ हजार रुपैयाँ यादव प्रसाद सुवेदीको घरमै गएर दिएको बताए। उनले रकम बुझाएको लामोसमयसम्म लालपुर्जा हातमा नपरेपछि पटक–पटक बैठक बसे पनि आज–भोलि भन्दै टार्दै आएको बताए। त्यस्तै अर्की स्थानीय अर्चना भट्टले ८ कठा जग्गालाई नम्बरि बनाइदिने भन्दै प्रति कठा २० हजारका दरले एक लाख ६० हजार रुपैयाँ वडा अध्यक्ष फनिन्द्र पोखरेलले घरमै आएर लगेको बताइन्।

सोममाया मगरले लालपुर्जा पाउने आशामा सहकारीबाट ऋण लिएर ३ कठाका लागि ६० हजार रुपैयाँ बुझाएको बताए। तर अहिले सम्म न लालपुर्जा पाएको न त पैसा फिर्ता

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## नियामक र सेवाप्रदायक दोषी

नेपालको शासन प्रशासन त रुग्ण देखिएकै छ भौतिक विकास पनि सही र स्वस्थ हुनसकेको छैन। यी सबैको समग्र प्रभाव सहन नसकेर नागरिक आक्रोशित भएका छन्। सम्भवतः भदौ २३ को जेन–जी प्रदर्शन पनि यही आक्रोशलगायतको अभिव्यक्ति हो। नेपालमा केही दशक यता सडक र हवाई यातायात भौतिक संरचना तथा सेवामा निकै विस्तार भएको छ। सेवा विस्तारसँगै सामान्य दुर्घटना बढ्नु स्वाभाविक भए पनि नेपालमा देखिएका हवाई र सडक दुर्घटनाको सङ्ख्या र क्षतिको दर भने बढी नै देखिन्छ। पछिल्ला समयमा बनेका मोटर बाटो र विमान स्थलको निर्माणको औचित्य, गुणस्तर र प्राविधिक पक्ष भने विवादरहित हुनसकेको छैन। विस्तारको गतिसँगै सेवामा सुविधा र सुरक्षा बढाउनेतर्फ खासै ध्यान दिइएको देखिँदैन। सम्भवतः पछिल्ला दिनका दुर्घटनाहरू यसैको परिणाम हुन्।

सानातिना दुर्घटना छाडेर पनि बितेको सात दिनमा केही भयावह दुर्घटना भए। गत शुक्रवार साँझ झापाको भद्रपुर विमान स्थलमा बुद्ध एयरको विमान अवतरणका क्रममा दुर्घटनाग्रस्त भयो। ओर्लने क्रममा रन वेबाट ३०० मिटर जति बाहिर पुगेर माटोमा भासिएको विमानका यात्रुहरू भाग्यले बाँचे। यसैगरी आइतवार काठमाडौंबाट हेटौंडा जाँदै टाटा सुमो भीमफेदी गाउँपालिका–६, जुरिखेतमा दुर्घटना भयो। मोटर सडकबाट करिब सय मिटर तल खस्दा ६ जनाको मृत्यु भयो भने ३ जना घाइते भएका छन्। रोल्पाको सुनछहरी गाउँपालिकामा शनिवार विद्यार्थी बोकेको बोलेरो जिप दुर्घटना हुँदा २ जना विद्यार्थीको मृत्यु भयो भने ९ जना घाइते भए।

बुद्ध एयरको दुर्घटनाबाहेक यी सडक दुर्घटना प्रतिनिधि उदाहरणमात्र हुन्। नेपालमा औसतमा प्रत्येक दिन सडक दुर्घटनाका कारणमात्रै ५(७ जनाले ज्यान गुमाउने गरेको तथ्याङ्क छ। जाडो मौसममा हुस्सु र कुहिरोका कारण पनि पछिल्लो समय दुर्घटनाको जोखिम बढ्दो छ। नेपाली समाजले सडक दुर्घटनालाई त नियमित आकस्मिकता मान्न थालिसकेको छ। यसैले धेरैले दुर्घटनालाई भवितव्य र भाग्य ठानेर सहने गरेका छन्। तर यथार्थ के हो भने नियामक र सेवा सञ्चालकहरूले हेलचेक्र्याइँ नगर्ने हो भने यस्ता धेरै दुर्घटना रोक्न सकिन्छ।

सडकहरूको निर्माणदेखि नै दुर्घटना बढाउने अनियमितता र हेलचेक्र्याइँको जालो बुन्न थालिएको हुन्छ। नेपालका सडकहरू कतिपय त प्राविधिक पक्षलाई बेवास्ता नै गरेर बनाइएका छन् भने कतिपय सडक प्राविधिकहरूकै कारण जोखिमपूर्ण बनेका छन्। अरू यात्रुवाहक सवारी साधनको भौतिक अवस्थाको कुनै सरकारी निकायले निगरानी र जाँच लगभग गर्दैन। नेपालमा हवाई जहाजको समेत नियमित मापदण्डअनुसार मर्मत सम्भार तथा चेकजाँच नभएको विभिन्न प्रतिवेदनहरूले औँल्याएका छन् । अर्थात्, सबै भगवान भरोसामा चले चलाइएको छ। पछिल्ला दिन सडक विस्तारको होड नै चलेको छ। दोहोरो बस्ती भएका सडकहरू पनि फराकिलो बनाउने चक्कर सुरु भएको देखिन्छ। मरुभूमि वा निर्जन मैदानमा जस्तै बाक्लो बस्ती भएका क्षेत्रमा फराकिलो सडक बनाएर निर्बाध कुदाउँदा धेरै दुर्घटना र मानवीय क्षति हुनु स्वाभाविकै हो।

फराकिलो बनाइएका सडकहरूमा तेल, दूध, ग्यास बोक्ने ठूला ट्यांकरहरू धेरै पल्टन थालेका छन्। सामान्य यात्रु वा मालवाहक सवारी साधन फराकिलो सडकमा उच्च गतिमा मोडिँदा पनि भार सन्तुलन कायम रहनसक्छ। तर, तरल भारी भने हल्लिँदा भार पनि असन्तुलित हुन्छ र दुर्घटना अवश्यम्भावी हुनपुग्छ। दीर्घकालीनरूपमा सडक निर्माणलगायत विकासको ढाँचाका सम्बन्धमा गम्भीर बहस हुनु जरुरी छ भने समय, भूगोल र भौगोलिक अवस्थाअनुरूप सुधार पनि गरिनुपर्छ। यो तत्काल भइहाल्ने काम नभए पनि नयाँ परियोजना थाल्नुभन्दा पहिले ध्यान दिने अभ्यास थाल्न सकिन्छ। कम्तीमा नायँ बन्ने संरचना प्राविधिक र सामाजिक दुवै दृष्टिले अनुकूल होउन्।

तत्कालका लागि भने सरकारले यात्रुको सेवा र सुरक्षालाई प्राथमिकता दिएर सडकको अवस्थामा सुधार लगायत सवारी साधनको भौतिक अवस्थाको नियमन कडाइका साथ गर्नुपर्छ। चुनावी नै भए पनि सरकारको प्रथमिक जिम्मेवारी त नागरिकको जिउधनको रक्षा गर्नु नै हो। ट्राफिक प्रहरीलगायत यातायात नियमनमा संलग्न निकायहरूले ध्यान दिए केही नागरिकको ज्यान जोगिन सक्छ भने किन नजोगाउने ?

# राजनीतिमा लोकप्रियता र ध्रुवीकरणका दुष्परिणाम

**राजेन्द्र पन्थी**

विश्व राजनीतिमा लोकप्रियता र ध्रुवीकरण भन्ने शब्दहरू नौला होइनन्। नेपालको सन्दर्भमा त राजनीति सधैँ तरल र अस्थिर छ, त्यसैले यहाँ लोकप्रियता र ध्रुवीकरणका विषय झन् नौला हुने कुरै भएन। नेपालको राजनीति कस्तो अचम्मको छ भने कतिबेला के हुन्छ भनेर सहज अनुमान गर्नै सकिन्न। रातारात सरकार ढल्छ, रातारात नयाँ बन्छ। कहिले कुन दल कता मिल्छ, कहिले कुन छुट्टिन्छ, पत्तै हुँदैन। को कता बग्छ र कसले कसलाई बगाउँछ भन्नै सकिन्न। कुनै दल वा नेता कतै जोडिन र कतै छुट्टिन केही समय नै लाग्दैन। राजनीतिक तरलताले विचार, आस्था, निष्ठा, अनुशासन र उद्देश्य जस्ता कुराहरूलाई ओझेलमा पार्दा रहेछन्।

एउटै मान्छे बेलुका सुत्ने बेलामा एउटा पार्टीको नेता हुन्छ, अनि बिहान उठ्ने बेला अर्को पार्टीको नेता बनिसकेको हुन्छ। कुनै पनि राजनीतिक दल जब नीति, विचार र उद्देश्यबाट निर्देशित हुन सक्दैन, तब नेता र कार्यकर्तामा पनि विचार, आस्था र अनुशासन रहँदैन। त्यसपछि राजनीतिमा जे गरे पनि हुन्छ भन्ने मानसिकता हाबी हुँदोरहेछ। जब नेतामा जिम्मेवारीबोध, उत्तरदायित्व, राजनीतिक मर्यादा, संस्कृति, अनुशासन, निष्ठा र समर्पण हुँदैन, तब जे गर्दा पनि हुने अराजकता जन्मन्छ। नेपालमा यस्ता अनुहार फेरिरहने नेताहरूको बिगबिगी नै छ। सरकार वा पार्टी बारम्बार भत्काउने, टुक्र्याउने र देशलाई अस्थिर बनाउने प्रमुख पात्रहरू नै 'छेपारे' प्रवृत्तिका हुन्। नेताहरूको यस्तै प्रवृत्तिका कारण समाज अत्यन्तै छिन्नभिन्न हुन पुगेको छ।

देश, समाज र विचारभन्दा व्यक्ति र दललाई मात्र प्राथमिकता दिँदा आज पुराना दलहरू अयोग्य, असक्षम र अविश्वासी साबित भएका छन्। दलहरू लोकप्रिय बन्न केवल मिठा आश्वासन र सपना मात्र बाँड्ने, तर काम केही नगर्ने परिपाटीले गर्दा जनतामा अविश्वास बढेको हो। नेतृत्वले मनपरी गर्दा नेपालमा आजको तरल र जटिल अवस्था आएको हो। नेपाली राजनीतिमा विभिन्न किसिमका व्यापार र व्यवसाय घुसेपछिको परिणाम नै आजका विभिन्न घटनाहरू हुन्। राजनीतिले गलत बाटो अवलम्बन गरेपछि त्यसको नतिजा पनि गलत नै हुँदै आएको छ।

देशमा बढ्दै गएको अराजकता, भ्रष्टाचार र बेरोजगारीका विरुद्धमा आएका जनताका आवाज र आक्रोशलाई विगत ३५ वर्षका सरकारहरूले पटक्कै सुनेनन्। राजनीति केवल चुनावदेखि चुनावसम्म र सत्तादेखि सत्तासम्म मात्र केन्द्रित रह्यो। मुख्य र जिम्मेवार भनिएका दलहरू सत्ता प्राप्तिको चलखेलमा मात्र लागिरहे। राजनीतिमा विकृति मौलाउँदै जाँदा राज्यका सम्पूर्ण अङ्गहरू भुत्ते र निष्क्रिय हुँदै गए।

अन्ततः जनताको आक्रोशको पराकाष्ठा जेनजी विद्रोहका रूपमा भदौ २३ को दुर्घटनाका रूपमा देखापर्‍यो। भदौ २३–२४ गते त्यति ठुलो विद्रोह र विध्वंस हुँदा समेत जिम्मेवार भनिएका दलहरूले आफ्नो गल्ती र कमजोरी अझै स्वीकारेका छैनन्। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राज्य सञ्चालन गर्न नसकी जनतालाई अभिभावकविहीन बनाएर हेलिकप्टरमा भागेको घटनालाई बिर्सेर, बाहिरी वा भित्री अदृश्य शक्तिलाई दोष लगाएर उम्कने प्रयास गरिरहेका छन्।

राज्य आवेग र उत्तेजनामा आएका कारण सुशासन, न्याय र भ्रष्टाचार अन्त्यको माग गर्दै आन्दोलनमा उत्रिएका कलिला बालबालिकाहरूले गोली खाई मृत्युवरण गर्नुपरेको थियो। सरकार गैरजिम्मेवार र असंवेदनशील बन्दा भदौ २३–२४ को घटनामा देशले अत्यन्तै ठुलो मानवीय र भौतिक क्षति बेहोर्नुपर्‍यो। नेकपा (एमाले) र नेपाली काँग्रेसको करिब दुई–तिहाइको बलियो संयुक्त सरकार हुँदा पनि मन्त्रीहरू नै भागाभाग हुने अवस्था आयो। कांग्रेस र एमालेजस्ता पुराना पार्टीहरूमा देशमा यति ठुलो विद्रोह र विध्वंस हुँदा समेत पुरानो दम्भ र अहंकार यथावत् नै देखिन्छ। अझै पनि यी दलहरू सुध्रिने र सच्चिने संकेत छैन।

अहिले सरकारले फागुन २१ को निर्वाचनको तयारी गरिरहँदा काँग्रेस र एमालेहरू सकभर चुनावी प्रक्रियामा जान नपाए हुन्थ्यो भनेर डराएका छन्। यिनीहरू पुरानो संसद् पुनर्स्थापना होस् भन्ने पक्षमा देखिन्छन्। कदाचित निर्वाचन भयो भने आफ्नो राजनीतिक भविष्य सुरक्षित नहोला कि भन्ने डर र त्रासमा उनीहरू छन्।

भदौ २३ र २४ को घटनापछि नयाँ चुनावी सरकारले फागुन २१ गते निर्वाचनको तयारी गरिरहँदा पार्टी र व्यक्तिहरूका बिचमा अप्रत्याशित रूपमा एकता भइरहेका छन्। ०७९ को निर्वाचनबाट वैकल्पिक शक्तिका रूपमा उदाएको र संसद्मा चौथो शक्ति बनेको रास्वपा अहिले पुराना दलहरूका विरुद्ध राजनीतिक ुवीकरण बनाउन सक्रिय छ। रास्वपा अध्यक्ष रवि लामिछाने थुनामुक्त भएपछि नेपाली राजनीति एकाएक तातेको छ।

लामिछानेका सवालमा विगत दुई–तीन वर्षमा अनेक घटना घटे। उनले सहकारी ठगीको आरोपमा विभिन्न मुद्दाहरू झेलिरहेका छन् र ती मुद्दाहरू अदालतमा विचाराधीन छन्। रविको संसद् र मन्त्रीका रूपमा आगमनपछि कांग्रेस र एमालेमा एक किसिमको भुईँचालो नै गयो। आफू गृहमन्त्री हुँदा भ्रष्टाचारका फाइल खोल्न थालेको र त्यसैको डरले कांग्रेस–एमालेले आत्तिएर रातारात सरकार ढालेको आरोप लामिछानेले लगाउँदै आएका छन्। एकाएक सरकार ढलेको देख्दा उनको कुरामा केही सत्यता हो कि जस्तो पनि भान हुन्छ।

संविधान संशोधन, सुशासन र आर्थिक समृद्धिको एजेन्डा लिएर बनेको भनिएको केपी ओली नेतृत्वको सरकार करिब एक वर्षसम्म रवि लामिछाने, बालेन्द्र शाह र कुलमान घिसिङकै विरुद्ध केन्द्रित रह्यो। ओलीले सरकारमा बसेर केवल उखानटुक्का र गफमै समय बिताए। कांग्रेस 'दूधको साक्षी बिरालो' जस्तै बनेर सत्तास्वादमा रमाइरह्यो।

दुई–तिहाइको सरकारले देशका लागि यो एउटा उल्लेखनीय काम गर्‍यो भन्ने केही सुन्न पाइएन। जनताको विरोध बढ्न थालेपछि सरकारले सामाजिक सञ्जाल नै बन्द गरिदिएर जेनजीलाई आन्दोलन र विद्रोहमा निस्कन बाध्य तुल्यायो र अन्ततः सरकार ढल्यो। आज निर्वाचनको मिति नजिकिँदै गर्दा देश यसरी राजनीतिक रूपमा ुवीकृत हुँदैछ कि नयाँ वैकल्पिक र पुराना शक्तिहरूका बिचमा 'वारपारको लडाइँ' हुन थालेको देखिन्छ। यद्यपि निर्धारित मितिमा निर्वाचन हुनेमा अझै शंका छ। अब निर्वाचनमा पुरानालाई पाखा नलगाएसम्म देशले निकास पाउने अवस्था देखिँदैन।

लोकतन्त्रमा असफलहरूलाई बदल्ने उपाय भनेकै निर्वाचन हो। तर आवेग, आक्रोश, उत्तेजना र प्रतिशोधले आवरणमा केही बेर परिवर्तन देखिए पनि दीर्घकालीन समस्या समाधान हुन सक्दैन। यस्तो बलको लडाइँले कुनै खास व्यक्तिले जित्ला वा हार्ला, तर देशले जित्न सक्दैन। लोकतन्त्रको मुटु भनेको स्वच्छ र स्वस्थ निर्वाचन हो। समृद्धिको एजेन्डाभन्दा पनि एक–अर्कालाई सिध्याउने खेलले अर्को दुष्परिणाम निम्त्याउन सक्छ। पुरानाले नयाँको अस्तित्व नस्विकार्ने र नयाँले पुरानालाई जसरी पनि सिध्याउने परिपाटीले देशलाई निकास दिँदैन। यहाँ देश बनाउने एजेन्डाभन्दा पार्टी र व्यक्ति बन्ने एजेन्डाले प्राथमिकता पाएका छन्। व्यक्तिलाई 'देवत्वकरण' वा 'राक्षसीकरण' गरेर लोकतन्त्र बलियो हुँदैन।

नयाँ शक्तिहरूमा पनि आर्थिक, वैदेशिक, श्रम, स्वास्थ्य र शिक्षा नीति कस्तो बनाउने भन्ने बहसभन्दा कुनै खास व्यक्तिलाई कसरी जिताउने वा हराउने भन्ने स्वर नै प्रबल देखिन्छ। हुन त एउटा सक्षम व्यक्तिले नेतृत्व गर्दा आमूल परिवर्तन हुने सम्भावना हुन्छ, तर उद्देश्यविहीन व्यक्ति केन्द्रित राजनीतिले अधिनायकवाद जन्माउने खतरा रहन्छ। जनताको भावनासँग खेलेर विरोधीलाई गाली गर्दै लोकप्रियता कमाउँदैमा दीर्घकालीन समाधान हुँदैन भन्ने कुरा विगतका अनुभवले सिकाएका छन्।

प्रजातन्त्रको पुनर्बहालीपछि कांग्रेस, एमाले र माओवादीले देशमा आमूल परिवर्तन गर्ने आशा जगाएका थिए, तर उनीहरू सत्ताको स्वादमा नराम्ररी डुबे। उनीहरूले अनुशासन, कर्तव्य, विचार, त्याग र जिम्मेवारी जस्ता कुराहरू बिर्सिए। आज देशमा ठुला भ्रष्टाचारीको नाम लिँदा यिनै ठुला दलका नेताहरूको नाम अग्रपङ्क्तिमा आउँछ। राज्यको ढुकुटीमा केही सीमित व्यक्तिहरूको रजगज चल्दा देशको सामाजिक, आर्थिक र शैक्षिक पूर्वाधारमा सुधार हुन सकेन। जनता दुब्लाउँदै जाने र नेताहरू मोटाउँदै जाने अवस्था आयो। नेताहरूले जनमतको दुरुपयोग गरे। पछिल्लो चरणमा संसद्मा विधेयकहरू नै नपढी द्यापद्याप पारेर पारित गर्ने जस्ता कार्यले जनमतको अपमान गरियो।

नेपाली जनता परिवर्तन चाहन्छन्। तीन दशकसम्म अवसर पाउँदा पनि पुराना दलहरू असफल भए। पुरानाभित्रका 'नयाँ' भनिएकाहरूले पनि त्यो जन्जिर तोड्न सकेनन्। अहिले पुरानाका विरुद्ध वैकल्पिक शक्तिहरू आएका छन्, जसको सञ्चार र सामाजिक सञ्जालमा ठुलो चहलपहल छ। तर बाहिरको हल्ला र भीडले मात्र सबैको प्रतिनिधित्व गर्न सक्दैन। देशको नेतृत्व गर्न परिपक्वता र संवेदनशीलता आवश्यक हुन्छ। भीडको आवाज, हतार, आवेग र स्टन्टले नेतृत्व बलियो हुँदैन। नेतृत्वका लागि विचार, कुशलता, अनुशासन, त्याग र लोकतन्त्रप्रतिको प्रतिबद्धता जस्ता चारित्रिक विशेषता चाहिन्छ। लोकप्रियताको पछाडि मात्र लाग्दा विश्वका कतिपय देशहरू सङ्कटमा परेका उदाहरण छन्। त्यसैले विकल्प बन्नेहरूले निकै सचेत र सतर्क हुनुपर्छ।

जेनजी र वैकल्पिक दलहरूले कांग्रेस, एमाले वा माओवादी सिध्याउने उद्देश्यभन्दा पनि देश बनाउने एकमात्र उद्देश्य लिएर निर्वाचनमा जानुपर्छ। रास्वपाले उज्यालो नेपालसँग एकता गर्दा वा बालेन्द्र शाहलाई साथमा लिँदा भएका सम्झौताहरूलाई टेकेर अघि बढ्नुपर्छ। देश बनाउने अभियानमा लागेपछि भ्रष्टाचारी दल र पात्रहरू स्वाभाविक रूपमा किनारा लाग्छन्। वैकल्पिकहरूले पुरानै संरचना र कार्यशैली पछ्याएर हुँदैन। उनीहरूले सैद्धान्तिक रूपमा आफ्नो जग बलियो बनाउनुपर्छ। राजनीतिलाई व्यवसाय वा व्यापार ठान्ने प्रवृत्ति त्याग्नुपर्छ।

वैकल्पिक शक्तिहरू अलि बढी हौसिएका जस्ता देखिन्छन्। सात दशक पुराना दलहरूको त यस्तो अवस्था भयो भने भर्खरै जन्मिएका दलहरूले संयम अपनाउनु जरुरी छ। उनीहरूमाथि पनि प्रश्नहरू उठ्न थालेका छन्। मुद्दा खेपिरहेका व्यक्तिले कसरी वैकल्पिक शक्ति हाँक्न सक्छन् भन्ने आशङ्का छ। बालेन्द्रले महानगरमा गरेका वाचा पूरा नगरेको र आन्दोलन उक्साएर पछि हराएको आरोप छ। कुलमान घिसिङले पदबाट राजीनामा नदिई किन राजनीतिमा होमिए भन्ने प्रश्न छ। नेताले यी प्रश्नहरूको स्पष्ट उत्तर दिएर जनताको विश्वास जित्नुपर्छ।

अहिले कांग्रेस–एमाले एक ठाउँमा आउने र नयाँहरू पनि एक ठाउँमा आएर एक–अर्कालाई सिध्याउने खेलले शान्ति र सुव्यवस्था ल्याउँदैन। विचारविहीन चुनावी ध्रुवीकरणले राजनीतिक स्थिरता दिँदैन। राजनीतिमा विचारको ध्रुवीकरण हुनुपर्छ। कांग्रेस र एमालेले आफ्नो अस्तित्व जोगाउने हो भने गल्ती स्विकारेर सच्चिनुपर्छ। दुवैले अहंकार त्यागेर समय अनुकूल चल्नुपर्छ। नयाँ र पुराना दुवैले द्वन्द्वको आगोमा घिउ थप्ने होइन, संयमित भएर लोकतान्त्रिक प्रक्रियाबाटै देशलाई समृद्धिको यात्रामा लैजानुपर्छ। ( भर्जिनिया, अमेरिका), रातोपाटीबाट

## श्री पशुपति आदर्श मा.वि. लहान मटिअर्वा, सिरहा (प्राविधिक)

न.पा. लहान, सिरहा

स्था. २००५

**आयाभान्से आवश्यक सम्बन्धमा**

**मिति : २०८२/०९/२१ गते**

उपयुक्त सम्बन्धमा यस विद्यालयमा रिक्त रहेको आया (भान्से) पदको लागि विज्ञापन गर्नु पर्ने भएकोले तपसिल अनुसारको विज्ञापन प्रकाशन गरि दिन हुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | नियुक्तिको किसिम | माग संख्य | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | १/२०८२/२०८३ | आया भान्से | करार | १ (एक) | साधारण लेखपढ |

१. आवेदन दस्तुर : रु. ११००/–
२. दरखास्त मिति : २०८२/०९/२१ गते देखि २०८२/१०/०६ गते सम्म कार्यालय समयभित्र।
३. सम्पर्क मिति : २०८२/१०/०६ गते मंगलबार
४. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. दरखास्त दिने स्थान : श्री पशुपति आदर्श मा.वि. लहान मटिअर्वा, सिरहा (प्राविधिक)
६. परीक्षाको किसिम : अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक
७. तलब भत्ता : नेपाल सरकारको विद्यालय का.स. (कार्यालय सहयोगी) सरह

**आवश्यक कागजातहरुः**

- हस्तलिखित निवेदन पत्र।
- नेपाली नागरिकताको आफैंले प्रमाणित गरेको प्रतिलिपि।
- शैक्षिक योग्यता र तालिमको आफैंले प्रमाणित गरेको प्रतिलिपि।
- हालसालै खिचिएको पासपोर्ट साईजको दुई प्रति फोटो।
- म्याद नाघी आएको तथा रित नपुगेको आवेदन स्वीकृत हुने छैन।

(नोट : विज्ञापन वाफत लाग्ने दस्तुर यस विद्यालयको नामबाट संचालनमा रहेको नेपाल बैंक लिमिटेड च.हि.न. ०३६००१०६५८५८७६००००१ मा जम्मा गरी सो को सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

विज्ञापन सम्बन्धी थप जानकारीका लागिः विद्यालय प्रशासनमा सम्पर्क गर्न सकिनेछ।

**प्रधानाध्यापक**


# सर्लाहीमा ६० केजी गाँजासहित भाग्दै गरेका व्यक्ति पक्राउ

सर्लाही, २१ पुस। सर्लाहीको लालबन्दी नगरपालिका वडा नं १ जंगल टोल भित्री सडक खण्डमा प्रहरीले ठुलो मात्रामा प्रतिबन्धित लागुऔषध गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको छ। घटनामा संलग्न एउटा भारतीय नम्बरको कार र एउटा मोटरसाइकल पनि प्रहरीले बरामद गरेको छ। पक्राउ पर्नेमा लालबन्दी नगरपालिका वडा नं १ नवलपुरका ३२ वर्षीय नुरहसन साह रहेका छन्। इलाका प्रहरी कार्यालय नवलपुर, सर्लाहीबाट खटिएको चेकिङ प्रहरी टोलीले आज बिहान करिब ५ बजेको समयमा डाबरीबाट लालबन्दीतर्फ जाँदै गरेको बीआर ०२ पीबी २२२६ नम्बरको खरानी रङ्गको मराजो एम २ कार र बागमती प्रदेश ०६–०२ प १७७० नम्बरको रातो–कालो रङ्गको १२५ सीसीको टीभीएस राइडर मोटरसाइकललाई रोक्न खोजेको थियो। तर, दुवै सवारीसाधन प्रहरीलाई छल्दै तीव्र गतिमा भागेका थिए।

सोही क्रममा प्रहरीले मोटरसाइकल चालक नुरहसन साहलाई नियन्त्रणमा लिन सफल भएको थियो। प्रारम्भिक सोधपुछका क्रममा साहले भारतीय नम्बरको कारमा प्रतिबन्धित लागुऔषध गाँजा रहेको बताएका थिए। उक्त सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लालबन्दीबाट तत्कालै अर्को प्रहरी टोली खटिई भाग्दै गरेको कारको पिछा गरेको थियो। प्रहरीले पिछा गर्ने क्रममा उक्त कार लालबन्दी नगरपालिका–१ जंगल टोलस्थित लालबाबु महतोको घरमा ठोक्किएर चालक फरार भएका थिए। प्रहरीले दुर्घटनाग्रस्त कारको सिट पछाडि लुकाइछिपाइ राखेको अवस्थामा प्लाष्टिकले बेरिएको १५ पोका प्रतिबन्धित लागुऔषध गाँजा फेला पारेको जनाएको छ। बरामद गरिएको गाँजाको कुल तौल ६० केजी रहेको इलाका प्रहरी कार्यालय लालबन्दीको भनाइ छ।

प्रहरीले गाँजा, दुर्घटनाग्रस्त कार, मोटरसाइकल र मोटरसाइकल चालक साहलाई नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको छ। साहलाई जिल्ला अदालत सर्लाहीबाट लागुऔषध मुद्दामा ८ दिनको म्याद थप भई इलाका प्रहरी कार्यालय लालबन्दी सर्लाहीबाट विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

## महिलाको मृत्यु

महोत्तरी, २१ पुस। महोत्तरीको बलवा नगरपालिका–११ मा सोमबार ट्रकले ठक्कर दिँदा बाटो काट्दै गरेकी एक महिलाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार बलवा–११ मा ट्रकले ठक्कर दिँदा स्थानीय ५१ वर्षीया बुधनीदेवी ठाकुरको मृत्यु भएको हो।

लोहारपट्टी नगरपालिकाबाट रामगोपालपुर नगरपालिकातर्फ जाँदै गरेको ना ६ ख ९१५३ नम्बरको ट्रकले बाटो काट्दै गरेकी ठाकुरलाई ठक्कर दिएको हो।

# ढुङ्गाले कुँदिएको जीवन

**मिथिलेश यादव**

सिरहा, २१ पुस। २५ वर्षअघिको घटना सम्झेर उनका आँखा अझै इन्द्रावती बनेर ओइरिन्छन्। त्यो दिन आउला भन्ने उनले कहिल्यै सोचेका थिएनन्, जसले उनलाई जीवनकै सबैभन्दा ठुलो चोट दियो। विवाहित जीवन हाँसीखुसी चल्दै थियो। सगरमाथा चौधरी आँखा अस्पतालमा फिल्ड वर्करको जागिरबाट परिवारमा खुसी थियो। अचानक कान कम सुन्न थाल्यो। फिल्डको काममा जाँदा बच्चाहरूले बोलाएको आवाज उनको कानले सुन्न छोड्यो। घरपरिवारलाई यो कुरा सुनाउँदै पत्याउँदैनथ्यो।




एक दिन गाउँका बच्चाहरू उनीमाथि ढुंगा हान्न थाले। सधैं आफूसँग हाँसखेल गर्ने बच्चाहरूले अचानक ढुंगा हानेको घटनाले उनलाई निकै पिरोल्यो। पछि बुझ्दै जाँदा आफूले बोलाउँदा जवाफ नफर्काएपछि बच्चाहरूले रिसाएर ढुंगा हान्न थालेका रहेछन्। कान नसुन्ने भएपछि मान्छे उनलाई हेलाको नजरले हेर्न थाले, 'बहिरा' भनेर हेप्न थाले। बहिरो भएर सहज जीवन जिउनु सजिलो थिएन। लालाबाला पाल्नुपर्ने जिम्मेवारीको भारी बोक्नु नै थियो। त्यसमाथि 'बहिरा' भनेर दैनिक हेपाइ खेप्नुपर्ने तर उनले हरेस खाएनन्। समाजसँग जुध्दै जीवनको गति अघि बढाइरहे।

घरबाट बाहिर निस्कियो कि गाउँलेले उनको कुरा काट्न थालिहाल्थे तर उनी त्यसलाई वास्ता गर्दैनथे। बरु, आफूलाई सम्हाल्दै पाइला अगाडि बढाउँथे। उनलाई हिम्मत दिन्थे प्राध्यापक हर्षनारायण धोवडेलले। संसारभरका हिम्मतिला मानिसहरूको उदाहरण दिएर गंगारामलाई अघि बढ्न हौसला बढाउँथे धोवडेल। उनले दिएको हिम्मतको बलमा जीवनलाई गति दिँदा त्यही समाजका केही मानिस सहयोगी बने। हौसला बढाउने सहयोगीकै कारण उनका पाइला डगमगाएनन्।

गंगाराम बहिरा भए पनि बहिराका विविध क्रियाकलापबारे अनभिज्ञ थिए। बहिराको विविधता अनुभूति गर्न उनी काठमाडौं पुगे। त्यहाँको बहिरा संघमा बसेर आवाजको दुनियासँग बेखबरहरूको विविध पक्षबारे अध्ययन गरे। त्यहाँ उनको आत्मबल पनि बढ्यो। संसारमा म मात्र बहिरो होइन, अरू धेरै छन्। उनीहरूमा विविध समस्या छन्। त्यहाँको बसाइँले उनमा सिरहा फर्केर बहिरा संघ खोल्नुपर्छ भने सोच पलायो। यस भेगका बहिराहरूको समस्या पहिचान गरी उनीहरूको जीवनमा उमंग भर्ने अठोटका साथ उनी घर फर्के। उनी गाउँगाउँ पुगेर स्कुलहरूबाट बहिराहरूको खोजी अभियान सुरु गरे। केही दिनमै उनले तीन सय जना बहिरा बालबालिका खोजी गरे तर यी बालबालिकालाई कहाँ, कसरी पढाउने? उनले सिरहामा दुई वटा कोठा भाडामा लिएर कामअघि बढाउने निर्णयमा पुगे। र, काम अघि बढाए।

केही दिनपछि २०५२ सालमा उनले राष्ट्रिय बहिरा तथा सुस्त श्रवण संघ, काठमाडौंबाट ५० जनाका लागि सांकेतिक भाषा सञ्चालन गर्न दश महिने कार्यक्रम पाए। प्रशिक्षकका रूपमा कुमार रेग्मीलाई दाता संस्थाले नै पठाइदिए। सांकेतिक भाषा, सिपमूलक तालिम, क्षमता अभिवृद्धि तालिम, बहिरा अपांग तथ्यांक संकलन कार्यक्रम द्रुत गतिमा अघि बढ्यो। २०५३ सालमा दुई वर्षका लागि सगरमाथा चौधरी आँखा अस्पताल र युनिसेफले दृष्टिविहीन र श्रवणशक्ति गुमाएका बहिराहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सम्झौता गऱ्यो।

२०५४ सालमा कार्यरत कर्मचारीहरूको पारिश्रमिकबाट केही रकम सहयोग स्वरूप बहिरा संघले संकलन गर्न सुरु गऱ्यो। जसको एउटै उद्देश्य थियो – दाताको सहयोग नहुँदा पनि अभियान बन्द नहोस्। कार्यक्रम गरेवापत बचत भएको रकमबाट गंगारामले संस्थाका लागि २०५४ सालमा १४ कट्ठा जग्गा खरिद गरे। २०५७ सालमा बहिरा संघका केही कर्मचारी शिक्षण अस्पताल महराजगन्जबाट कान रोग उपचारसम्बन्धी तालिम लिए। इम्प्याक्ट नेपालको सहयोगमा कान जाँच गर्न चाहिने उपकरण उपलब्ध भएपछि बहिरा संघ सिरहाले कान रोग उपचारको सेवासमेत सञ्चालन गऱ्यो। बहिरा संघले २५ वर्षमा तीन लाखभन्दा बढी कानका बिरामीको उपचार गरेको तथ्यांक छ। बहिरंग सेवा अन्तर्गत दुई लाख ९९ हजार पाँच सय ६० जनाको कान जाँच गरेको छ भने ८९ हजार आठ सय ७७ जनाको श्रवण परीक्षण गरेको छ।

शिक्षा, सिप, सशक्तीकरणको माध्यमबाट बहिरा बालबालिकाको जीवनमा परिवर्तन ल्याउने गंगारामलाई अहिले समाज सम्मानको दृष्टिले हेर्न थालेको छ। शालीन स्वभाव तथा कम बोल्ने बानीले उनी समाजमा अगुवा भूमिकामा अग्रसर भए। आफैं बहिरा भनेर हिंसापीडित गंगाराम आत्मनिर्भर बने मात्र बहिराहरूको सशक्तीकरण सम्भव हुन्छ भने राम्ररी बुझेका छन्। त्यसैले, बहिराहरूलाई संगठित बनाएर आत्मनिर्भर अभियान अगुवाइ गर्ने अभियान चलाएका छन्।

संस्थालाई यो उचाइमा पुऱ्याउन गंगारामले घर परिवारको समेत समेत पर्वाह गरेनन्। 'अरूमाथि निर्भर समाजका बहिराहरू अहिले आत्मनिर्भर हुँदै छन्,' उनी भन्छन्, 'मेरा लागि यो नै ठुलो सन्तुष्टि हो।' अहिले उनलाई हेर्ने समाजको नजर पनि बदलिएको छ, 'पहिले मलाई आँखी बनाएका मानिसहरू अहिले सम्मानको आँखाले हेर्छन्,' गंगाराम भन्छन्, 'निष्ठा र लगनपूर्वक गरेको कामले अवश्य फल दिँदोरहेछ।'

गंगाराम यादव अचेल गाउँमा गंगाराम 'सर' नामले परिचित छन्। सामाजिक अवहेलनाको बाबजुद पनि सिरहा नगरपालिका–१६ का गंगाराम यादव ५५, जीवनका चुनौती सामना गर्दै अगाडि बढिरहे। अदम्य साहस र हिम्मतले उनी आफू मात्र अगाडि बढेनन्, समाजका बहिरा र बोल्न नसक्नेको जीवनमा आवाज भरेर आत्मनिर्भरसमेत बनाएका छन्।

२५ वर्षअघि 'बहिरा' गंगारामको अगुवाइमा सुरु गरिएको बहिरा संघ सफलता चुम्दै अगाडि बढेको छ। उनले कान नसुन्ने र बोल्न नसक्नेहरूको सशक्तीकरण, शिक्षा र उपचारको कामलाई निरन्तर अघि बढाउँदै छन्। २०५१ माघ १० गते बहिरा संघ दर्ता गराएर समाजका बहिराहरूलाई एकत्रित गरेर सशक्तीकरण गर्न गंगारामले बहिरा खोजी अभियान चलाउँदा सामाजिक परिवेशले उनको यो बाटोमा प्रशस्त काँडा ओछ्याइदियो। बहिरा सशक्तीकरण अभियान रोक्न समाजका केही मानिस खुलेरै लागे तर उनको दृढ अठोट र इच्छाशक्तिका अगाडि सबै अवरोध पन्छिँदै गयो।

२०५४ सालमा स्थापित बहिरा विद्यालयमा कक्षा ८ सम्म पढाइ हुन्छ। ७८ छात्र र १७ छात्रा छन्। यहाँबाट थुप्रै विद्यार्थी पढेर स्वरोजगारमार्फत आत्मनिर्भर बनेका छन्। अरूमाथि निर्भर समाजका बहिराहरू अहिले आत्मनिर्भर हुँदै छन्। अहिले उनलाई हेर्ने समाजको नजर पनि बदलिएको छ।

# शीतलहरको मारमा मुसहर समुदाय : ‘जाडो कसरी कटाउने, पेट केले भर्ने ?’





जनकपुरधाम, २१ पुस। मधेसमा दुई साताभन्दा बढी समयदेखि शीतलहर चलिरहेको छ। शीतलहरले खासगरी दैनिक ज्यालादारी गरेर गुजारा चलाउने वर्गको जीवन कष्टकर बनाएको छ। अत्यधिक जाडोका कारण कामका लागि घरबाहिर निस्कन नसक्दा रिक्सा चलाउने, जुत्ता मर्मत गर्ने, गाउँ र सहरका टोल–टोलमा घुमेर खानेकुरा बेच्दै हिँड्ने व्यक्तिहरूको रोजीरोटीमै समस्या परेको छ। मधेसको सबैभन्दा सीमान्तकृत मुसहर समुदायको जीवन त झनै मुस्किलमा परेको छ। गाउँघरमा खेतबारी र साहुको घरमा काम गरेर जीवन निर्वाह गर्ने उनीहरू यतिबेला दैनिकी चलाउनकै लागि पनि ऋण लिनुपर्ने अवस्थामा पुगेका छन्। तर उनीहरुलाई सजिलै ऋण पत्याइदिने पनि कोही हुँदैन।

२०७८ सालको जनगणना अनुसार महोत्तरी जिल्लामा मुसहरको जनसंख्या २७ हजार ३५२ छ। शिक्षामा निकै कमजोर पहुँच रहेका मुसहर समुदायका बालबालिका ईँटाभट्टा, पसलहरूमा काम गर्न बाध्य छन्। कलिलै उमेरमा भारतका विभिन्न सहरमा मजदुरी गर्न जान्छन्। शीतलहरले दैनिक ज्यालादारीमा निर्भर परिवारलाई दुई छाक टार्न पनि धौ–धौ परिरहेको छ। महोत्तरीको भटुलिया गाउँपालिका–३ का बेचन सदा भन्छन्, ‘घरमा जम्मा गरेर राखेको सबै अन्न सकियो। धेरै जाडोले काम गर्न निकै कठिन भएको छ। तर सरकारले हामीजस्ता गरिब जनता, त्यसमाथि मुसहर समुदायलाई हेरेको जस्तो लाग्दैन। अब कसरी गुजारा गर्ने ?’

मुसहर समुदायको जीवनयापनको मुख्य आधारमा कृषि मजदुरी नै हो। तर दुई सातासम्म काममा जान नपाएपछि उनीहरू गुजाराको गम्भीर संकटमा परेका छन्। ‘हामीलाई हेर्नेबाला कोही पनि छैन। अरूको खेतबारीमा काम गरेर जिउँदो थियौँ। अहिले चिसोले गर्दा जीउले पनि काम गर्न साथ साथ दिँदैन,’ स्थानीय भुली सदा भन्छिन्, ‘कहिलेकाहीँ अरूको घुरा (आगो ताप्ने ठाउँ) मा गएर आगो ताप्छु। तर अहिलेसम्म सरकारले हामीलाई कुनै राहत बाँडेको छैन।‘

एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डल चिसोबाट प्रभावित नागरिकका लागि राहत वितरण प्रक्रिया अगाडि बढेको बताउँछन्। ‘यस विषयलाई लिएर हाम्रो बैठक बसेको छ। अब तीन–चार दिनभित्र राहत सामग्री वितरण गर्ने तयारीमा छौँ,’ उनी भन्छन्। जाडो र भोको पेटका कारण राति निद्रा नलाग्ने समस्याबाट पनि विपन्न वर्ग गुज्रिरहेका छन्। सडकछेउबाट बटुलिएका प्लास्टिकका झुत्रा र खरपात बालेर बनाइएको घुर नै उनीहरूको एक मात्र सहारा बनेको छ। उनीहरूसँग यसको विकल्प पनि छैन।

मनरा सिसवा नगरपालिकाको मनराका बासिन्दा रवि सदा भन्छन्, ‘के गर्ने, दाउरा बाँड्ने हल्ला त सुनेको छु, तर अहिलेसम्म केही आएको छैन। दाउराले जाडो त काटिएला, तर पेट केले भर्ने ? हामीलाई हेर्ने को छ र ? भोटको बेला मात्रै ठुला–ठुला कुरा गर्छन्, त्यतिबेला त खुट्टासम्म पुग्छन्।‘ तर अहिले परेको बेला कोही पनि नेता–कार्यकर्ता सहयोगका लागि नआएको उनी गुनासो गर्छन्। मनरा सिसवा नगरपालिकाका मेयर मोहन पाण्डे यतिसम्मको अवस्था आउनुनपर्ने हो भन्ने अनुमानमै बसिरहेका छन्। ‘हाम्रो पालिकामा यस्तो समस्या नहुनुपर्ने हो। तर अहिले हामी राहतस्वरूप दाउरा वितरण गर्ने तयारीमा छौँ। साथै, खानाका लागि अन्नको समस्या देखिएमा हामी सम्बन्धित स्थानमा पुग्नेछौँ,’ उनी भन्छन्, ‘नगरपालिकामा सम्पर्क गरे राहत प्याकेज उपलब्ध गराइनेछ।‘

महोत्तरीबाट रानीकुमारी तिवारी पटक–पटक मन्त्री बनेकी छन्। उनी अहिले पनि मधेस प्रदेशको शिक्षा मन्त्री छिन्। आफूहरूको भोटले सांसद हुँदै मन्त्री बनेकी तिवारीले राहतका लागि कुनै पहल नगरेकोमा मुसहर समुदाय आक्रोश व्यक्त गर्छन्। समुदायका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन पनि प्रदेश सरकारले कुनै ठोस योजना नल्याएको उनीहरू बताउँछन्। रातोपाटीबाट

# सप्तरीमा फरार सात प्रतिवादी पक्राउ

**विनय कर्ण**

सप्तरी, २१ पुस। सप्तरी जिल्ला अदालत राजविराजबाट विभिन्न मुद्दामा सजाय तोकिएपछि फरार रहेका प्रतिवादीहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरी अदालतमा दाखिला गरेको छ। फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परेका फरार प्रतिवादीहरुलाई आइतबार सप्तरी जिल्ला अदालतमा बुझाइएको हो। पक्राउ पर्नेमा रुपनी गाउँपालिका वडा नम्बर ३ का राजुप्रसाद साह रहेको छ। उनलाई बहुविवाह मुद्दामा ११ महिना पाँच दिन कैद र पाँच हजार रुपियाँ जरिवाना तोकिएको थियो। यस्तै, सोही गाउँपालिका वडा नम्बर २ की श्रीदेवी मण्डललाई लेनदेन मुद्दामा पाँच महिना कैद र वडा नम्बर ६ का संजय सदा लाई वनसम्बन्धी मुद्दामा १६ हजार ७२ रुपियाँ जरिवाना तोकिएको थियो।

त्यसैगरी, तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ८ का रामपुकार मण्डललाई कुटपिट तथा लुटपिट मुद्दामा सनत दिन कैद र एक हजार रुपियाँ जरिवाना, सोही ठाउँका शिवनारायण मण्डललाई पनि सोही मुद्दामा सात दिन कैद र एक हजार रुपियाँ जरिवाना तथा सरस्वती देवी मण्डललाई कुटपिट तथा लुटपिट मुद्दामा सात दिन कैद र एक हजार रुपियाँ जरिवाना सजाय सुनाइएको थियो। यस्तै, शम्भुनाथ नगरपालिका वडा नम्बर १२ का शिवचन्द्र पण्डितलाई गाली बेइज्जती मुद्दामा एक सय रुपियाँ जरिवाना तोकिएको थियो। पक्राउ परेका सबै प्रतिवादीहरूबाट जम्मा ११ महिना ३१ दिन कैद र २४ हजार एकसय ७२ रुपियाँ जरिवाना असुलीका लागि सप्तरी जिल्ला अदालतमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

# ट्रकको ठक्करबाट महिलाको मृत्यु

महोत्तरी, २१ पुस। महोत्तरीको बलवा नगरपालिका–११ मा आज ट्रकले ठक्कर दिँदा बाटो काट्दै गरेकी एक महिलाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार बलवाा–११ मा ट्रकले ठक्कर दिँदा स्थानीय ५१ वर्षीया बुधनीदेवी ठाकुरको मृत्यु भएको हो। लोहारपट्टी नगरपालिकाबाट रामगोपालपुर नगरपालिकातर्फ जाँदै गरेको ना ६ ख ९१५३ नम्बरको ट्रकले बाटो काट्दै गरेकी ठाकुरलाई ठक्कर दिएको हो। ठाकुरको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएको छ भने ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान अगाडि बढाएको प्रहरी नायब उपरीक्षक भट्टले बताए।

## *भूमि आयोग अध्यक्ष ...*

आएको गुनासो गरिन्। भोजबहादुर श्रेष्ठले ११ कठा जग्गाका लागि दुई लाख २० हजार रुपैयाँ वडा अध्यक्षले भनेका व्यक्ति यादव प्रसाद सुवेदीको खातामा जम्मा गरेको तर अहिलेसम्म कुनै प्रगति नभएको बताए। अर्का पीडित अर्जुन बुढाथोकीका अनुसार भूमि आयोग सिरहाको कार्यालयमै ६–७ जनाले एकै पटक रकम बुझाएका थिए। त्यसपछि वडा कार्यालयमा राजस्वसमेत बुझाइएको भए पनि दुई वर्ष बितिसक्दा कुनै काम नभएको बताए।स्थानीय अगुवा धुर्व बोहरा क्षेत्रीले भूमि आयोगका अध्यक्ष रामअधीन यादव र कर्मचारी राजकुमार राय स्वयम् आएर रकम उठाउन निर्देशन दिएको दाबी गरे। उनका अनुसार करिब ७ लाख रुपैयाँ अध्यक्ष यादवले र १६ लाख रुपैयाँ कर्मचारी रायले लगेको आरोप छ। राजकुमार रायलाई प्रहरीले गत साउन २५ गते ठगी तथा किर्ते आरोपमा पक्राउ गरी पूर्पक्षकालागि कारागार चलान गरेको छ। सोही आरोपा लागेका अध्यक्ष यादव भने सम्पर्कविहीन छन्।

पीडितरुसँग २०७९ सालमा आयोगका अध्यक्ष यादवसँगको सहल्लाहमा प्रति कठा २० हजार रुपैयाँका दरले स्थानीय सुकुम्वासीसँग रकम असुल गरेर आयोगका अध्यक्षसहितलाई बुझाएको सुवेदीले स्वीकार गरे। उनले भने, ‘मैले उहाँहरुसँगैको सल्लाहमा रकम असुल गरेर बुझाएको हो, म अझैपनि अध्यक्षको सम्पर्कमा छु, उहाँले काम गराउँछु भन्नु भएको छ। मलाई अझै विश्वास छ, लालपुर्जा दिन्छन्।’

यता, कर्जन्हा नगरपालिकाका नगर प्रमुख भोला पोखरेलले भने, ‘मैले पनि समाजिक संजालबाट घटना बारे थाह पाएको छु, घटनामा संघलन रहेका ब्यक्ति र पीडित पक्षहरुलाई बोलाएर छलफल गरेर बुझ्ने प्रयास गर्छौं, कतिपयले अहिले राजनिती प्रतिसोधका कारण पनि आरोप लगाउने गरेको छ। अधार खोज्ने प्रयास गर्छौं, अधार भेटएमा नेपाल सरकारले कानुनी बमोजिम कार्वाहि गर्ला, पहिला बुझ्ने प्रयास गर्छु।’

यस विषयमा बुझ्न वडा अध्यक्ष आईतवार वडा कार्यालय पुग्दा उनी भेटिएनन्। फोन सम्पर्क गर्दा पनि उनको फोन स्वीच अफ छ। कर्जन्हा नगरपालिकाका भूमि समस्या समाधान आयोगका कर्मचारी कामेश्वर यादवले आफूलाई यस सम्वन्धमा कुनै जानकारी नभएको बताए। उनले भने, ‘आयोगले मलाई कुनै रकम असुल गर भनेर पत्र पठाएको छ नत, मैले उठाएको छु। मैले कागजी प्रकृया पुरा गराउन पुलको काम गर्ने हो। अन्य विषय मलाई जानकारी भएन।’

# सरकारी कागजात किर्ते गर्ने कार्यालय सहायक र सचिवविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौँ, २१ पुस। सर्लाहीको हरिपूर्वा नगरपालिकाका कार्यालय सहायक अरुण कुमार यादव र तत्कालीन गाविस सचिव राम प्रकाश सिंह दनुवारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। योग्यता नपुगेका व्यक्तिलाई नक्कली स्थायी नियुक्ति पत्र बनाएर सरकारी कोषबाट तलब भत्ता खुवाएको भन्दै अख्तियारले सोमबार आरोपपत्र दायर गरेको हो।

अनुसन्धानका क्रममा यादवले आफ्नो उमेर १८ वर्ष नपुग्दै २०६४ सालमै अस्थायी नियुक्ति पाएको भनी सरकारी कागजातमा केरमेट र थपघट गरेको फेला परेको छ। यादवको जन्म मिति २०४७ असोज ५ गते रहेको र २०६४ असोज मसान्तसम्म उनको उमेर १७ वर्ष २५ दिन मात्र पुगेको अख्तियारले जनाएको छ। नागरिकता नै नबनेको समयमा नियुक्ति लिएको भनी झुट्टा विवरण पेस गरेर उनले आर्थिक वर्ष २०७८/०७९ देखि स्थायी नियुक्ति लिएका थिए।

यसअघि २०७३ सालदेखि करारमा कार्यरत रहेका यादवले करार रद्द भएपछि पुरानै मितिमा स्थायी नियुक्ति पाएको देखाउन तत्कालीन सचिव दनुवारसँग मिलेमतो गरेको पुष्टि भएको छ। हरिपूर्वा गाविसको लेटर प्याड प्रयोग गरी २०७१ भदौ ३१ गते तयार पारिएको भनिएको स्थायी नियुक्ति पत्र नक्कली भएको र सोको कुनै पनि आधिकारिक अभिलेख निजामती किताबखाना वा कर्मचारी सञ्चय कोषमा नरहेको अनुसन्धानबाट खुलेको छ।

सरकारी लिखतको दुरुपयोग गरी राष्ट्रसेवकको पदमा गैरकानुनी रुपमा नियुक्ति लिई तलब, भत्ता र सञ्चय कोषको सुविधा लिएर राज्यलाई नोक्सानी पुऱ्याएको भन्दै अख्तियारले दुवै प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन बमोजिम कारबाहीको माग गरेको छ।

# शान्ति र सद्भाव कायम राख्न प्रदेश प्रमुख कर्णको अपिल

लक्ष्मी चौधरी

जनकपुरधाम, २१ पुस। मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले प्रदेशमा शान्ति र सद्भाव कायम राख्न मधेशवासीसँग अपिल गरेको छ। पछिल्ला दिनहरूमा मधेशका केही स्थानमा देखिएका अस्वाभाविक गतिविधि र असमझदारीप्रति चिन्ता व्यक्त गर्दै प्रदेश प्रमुख कर्णले सोमबार सामाजिक सद्भाव र भाइचारा कायम राख्न मधेशवासीसँग अपिल गरेको हो। प्रदेश प्रमुख कर्णले मधेश विभिन्न भाषा, धर्म, संस्कृति र परम्पराको सुन्दर सङ्गम भएको भूमि भएको उल्लेख गर्दै परापूर्वकालदेखि नै यहाँका बासिन्दाले ‘अतिथि देवो भवः’ र ‘वसुधैव कुटुम्बकम्’ जस्ता संस्कार आत्मसात् गर्दै आएको बताए। हाल मधेशमा देखिएका केही गतिविधिले सदियौँदेखि कायम सामाजिक एकता र सहिष्णुतामा आँच पुर्याउन सक्ने भन्दै उहाँले सबैलाई सचेत रहन आग्रह समेत गरेको हो।

“विचार र आस्था फरक हुन सक्छन्, तर हाम्रो मानवीय पहिचान र सामाजिक एकता एउटै हो,” प्रदेश प्रमुख कर्णले अपिलमा उल्लेख गरेको छ। उनले कुनै पनि प्रकारको उत्तेजना वा आवेगमा नआई धैर्य धारण गर्न र समाजलाई विभाजन गर्ने तत्वहरूबाट टाढा रहन सबैलाई अनुरोध गर्दै सामाजिक सञ्जाल वा अन्य माध्यमबाट कसैको भावना आहत हुने खालका गतिविधि नगर्न, शान्ति र सद्भाव कायम राख्न सबै एकजुट हुनुपर्नेमा जोड गरे। प्रदेश प्रमुख कर्णले संवाद र सहकार्य नै हरेक समस्याको समाधान भएको उल्लेख गर्दै मधेश केवल विविधताको भूमि मात्र नभई अटुट एकता र प्रेमको पनि भूमि भएको पुनः प्रमाणित गर्न आग्रह गरे।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)